# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

५ नं. प्रदेश, घोराही, दाङ

खण्ड ३) संख्या ४९    स्थानीय राजपत्र भाग २    मिति २०७६।०८।२३


# अस्थायी सेवा अवधि गणना कार्यबिधि, २०७६

**प्रस्तावना :**

तत्कालीन स्थानीय निकायको स्वीकृत दरबन्दीमा अस्थायी नियुक्ति भै सेवारत अवस्थामै प्रचलित कानून अनुसार स्थायी भएका कर्मचारीहरुलाई कामप्रति उत्प्रेरित गर्दै घोराही उप-महानगरपालिका कार्यालयको कर्मचारी प्रशासनलाई थप सक्षम सुदृढ, निष्पक्ष सेवामूलक, जनउत्तरदायी र नतिजामुखी बनाउन बान्छनीय भएकोले प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी घोराही उप-महानगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यबिधिको नाम घोराही उप-महानगरपालिकाको अस्थायी

सेवा अवधि गणना कार्यबिधि '२०७६' रहेको छ ।

(ख) यो कार्यबिधि नगर कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

२) परिभाषा र व्याख्या :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "प्रमुख" भन्नाले घोराही उप-महानगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले घोराही उप-महानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले घोराही उप-महानगरपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले घोराही उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ङ) "अस्थायी कर्मचारी" भन्नाले स्थायी पदमा अस्थायी नियुक्ति पाएको कर्मचारीलाई जनाउनेछ ।

(च) "दरबन्दी" भन्नाले समय-समयमा तत्कालीन नगर परिषद्बाट तत्कालीन स्थानीय स्वायत्त शासन ऐनको दफा २४९ बमोजिम स्वीकृत गरिएको कर्मचारीको दरबन्दी सम्झनुपर्छ ।

(छ) स्थानीय निकाय भन्नाले साबिकका स्थानीय निकायलाई सम्झनुपर्दछ ।

(ज) स्थानीय निकायका कर्मचारी भन्नाले तत्कालीन स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार भर्ना भएका स्थायी कर्मचारी सम्झनुपर्दछ ।

## परिच्छेद-२

३) उपदान सम्बन्धी ब्यवस्था

(क) दफा २ ङ बमोजिम नियुक्त कर्मचारी स्वेच्छिक रुपले राजिनामा दिई सेवाबाट अलग भएमा वा ५ बर्ष वा सो भन्दा बढी सेवा गरी वा उमेर हदका कारण अनिवार्य अवकाश प्राप्त गरेमा देहाय बमोजिम सेवा अवधि गणना गरी सो बराबर हुन आउने रकम प्रदान गरिनेछ ।

(ख) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका स्थानीय तहका कर्मचारीले

आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको आधा महिनाको तलव बराबरको रकम,

(ग) दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा गरेका स्थानीय तहका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको एक महिनाको तलव बराबरको रकम,

(घ) पन्ध्र वर्षदेखि बीस वर्षसम्म सेवा गरेका स्थानीय तहका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको डेढ महिनाको तलव बराबरको रकम,

(ङ) बीस वर्षदेखि पच्चीस वर्षसम्म सेवा गरेका स्थानीय तहका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको दुई महिनाको तलव बराबरको रकम,

(च) पच्चीस वर्षभन्दा बढी सेवा गरेका स्थानीय तहका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त खाइपाई आएको अढाई महिनाको तलव बराबरको रकम ।

(छ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि भ्रष्टाचार गरेको प्रमाणित भै सेवाबाट अलग भएका वा नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सेवा कायम नरहेमा यस दफा बमोजिम कुनै सुबिधा उपलब्ध गराइने छैन ।

## परिच्छेद- ३

४) अस्थायी सेवा अवधिसम्बन्धी व्यवस्था

(क) तत्कालीन स्थानीय निकायको स्वीकृत दरबन्दीको कुनै पदमा एक वर्षभन्दा बढी अवधिसम्म अस्थायी सेवा गरेको स्थानीय निकायको कुनै कर्मचारीले सो सेवालाई अविच्छिन्न राखी स्थायी नियुक्ति पाएको भए उपदान प्रयोजनको लागि साविकमा निजले गरेको जम्मा अस्थायी सेवा अवधिको असी प्रतिशत अवधि गणना गरिनेछ ।

(ख) यो नियम प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कार्यरत साबिकका स्थानीय निकायका कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले एक

वर्षभित्र यस कार्यबिधि बमोजिम सेवा अवधि जोडाउन सक्नेछन् ।

(ग) उपनियम (२) बमोजिमको अवधिभित्र साबिक स्थानीय निकायको कुनै कर्मचारीले सेवा अवधि नजोडाएमा त्यस्तो सेवा अवधि पछि जोडिने छैन ।

(घ) यस नियममा लेखिएदेखि बाहेक कुनै कर्मचारीले अन्य कुनै प्रक्रियाद्वारा पहिलेको सेवा अवधि जोडाउन र सेवा अवधि थप गरी सुविधा लिन पाइने छैन

५. कार्यबिधिको व्याख्या र विश्लेषण :

(क) यो कार्यबिधि लागु हुनपूर्व भए/गरेको कामकारवाही यसै कार्यबिधि बमोजिम भएको मानिनेछ ।

(ख) यस कार्यबिधिको कुनै दफा वा संविधानसँग बाझिएमा स्वतः अमान्य हुनेछ ।

६. बाधा अड्काउ फुकाउः

यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै अवरोध अस्वस्तता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि नगरसभाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या गरी बाधा अड्काउ फुकाउने छ ।

आज्ञाले,

**ऋषिराम के.सी.**

प्रमुख प्रशासकीय अधिकृत